सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक

# चैत्र २०८२ – असार २०८३

# सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

नेपाली महावाणिज्यदूतावास, कोलकाता

२०८३असार

नेपाली महावाणिज्यदूतावास कोलकाता

## १. संक्षिप्त परिचय

नेपालको ऐतिहासिक कूटनीतिक विरासत बोकेको कोलकातास्थित नेपाली महावाणिज्यदूतावासले पश्चिम बंगाल क्षेत्रमा रहेका नेपाली नागरिक तथा विदेशीहरूका लागि आवश्यकता अनुसार विभिन्न प्रकारका कन्सुलर सेवाहरू प्रदान गर्दै आएको छ। यस नियोगले राहदानी जारी गर्ने, सरकारी कागजातहरूको प्रमाणीकरण गर्ने र नेपाली नागरिकहरूलाई भारतमा अध्ययन, पेशा वा व्यवसाय गर्नका लागि आवश्यक पर्ने No Objection Certificate (NOC) उपलब्ध गराउने जस्ता महत्वपूर्ण प्रशासनिक कार्यहरू सम्पादन गर्दछ। साथै, यस क्षेत्रमा समस्यामा परेका वा अलपत्र परेका नेपालीहरूको उद्धार र स्वदेश फिर्तीका लागि समन्वयकारी भूमिका निर्वाह गर्दै नियोगले प्रवासमा नेपालीहरूको हित संरक्षणमा अविछिन्न योगदान पुऱ्याउँदै आएको छ।

नेपालको वैदेशिक व्यापार र पारवहनका दृष्टिले यो नियोग अत्यन्त रणनीतिक महत्वको रहेको छ, जसले विशेषगरी कोलकाता बन्दरगाहबाट हुने नेपालको करिब दुई तिहाइ आयातलाई व्यवस्थित र सहजीकरण गर्दछ। रासायनिक मल र राष्ट्र बैंकद्वारा मुद्रित नोटहरू जस्ता संवेदनशील सामग्रीहरूको ढुवानी व्यवस्थापन, व्यापारिक प्रयोजनका लागि No Objection Certificate (NOC) जारी गर्ने र भारतीय सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय गरी ढुवानीका अवरोधहरू हटाउने लगायतका कार्यहरु पूर्ण जिम्मेवारीका साथ सम्पादन गर्नुका साथै नेपाल र भारतबीचको आर्थिक, सामाजिक, सांस्कृतिक र कूटनीतिक सम्बन्धलाई थप सुदृढ बनाउँदै नेपालको व्यापारिक हित प्रवर्द्धन गर्न यो नियोगले गतिशील सेतुको रूपमा कार्य गरिरहेको छ।

## २. कार्यक्षेत्र

नियोगको कार्यक्षेत्र पश्चिम बंगाल राज्यभर रहेको छ।

## ३. काम कर्तब्य र अधिकार

- ई-पासपोर्ट सेवा।
- भिषा सेवा।
- कागजात प्रमाणीकरण सेवा।
- वारेसनामा।
- एनओसी पत्र।
- उद्धार, राहत र स्वदेश फिर्ता।




नेपाली महावाणिज्यदूतावास कोलकाता

- आर्थिक कूटनीति।
- व्यापार सहजीकरण।

## ४. संगठन संरचना

यस नियोगको संगठन संरचना देहायबमोजिम रहेको छः






नेपाली महावाणिज्यदूतावास कोलकाता

५. नियोगका प्रमुख शाखा/ जिम्मेवार पदाधिकारी र सम्पर्क विवरण:

| सि न | पद | नामथर | शाखा | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | महावाणिज्यदूत | श्री झक्कप्रसाद आचार्य | | +91 33 2456 1224 |
| २ | उप महावाणिज्यदूत | श्री गगन बहादुर बिके | भन्सार | +91 33 2456 1224 (Extn. 213) |
| ३ | उप महावाणिज्यदूत | श्री दीपेश लेखक | व्यापार | +91 33 2456 1224 (Extn. 202) |
| ४ | वाणिज्यदूत | श्री टिकाराम उपाध्याय | प्रशासन-कन्सुलर | +91 33 2456 1224 (Extn. 203) |
| ५ | वाणिज्यदूत | श्री रोशन राई | व्यापार | +91 33 2456 1224 (Extn. 207) |
| ६ | उप वाणिज्यदूत | श्री सुवासचन्द्र वास्तोला | लेखा | +91 33 2456 1224 (Extn. 204) |
| ७ | उप वाणिज्यदूत | श्री सुरेश राज रेग्मी | कन्सुलर | +91 33 2456 1224 (Extn. 205) |

नेपाली महावाणिज्यदूतावास
कोलकाता

६.　नागरिक वडापत्र

| क्र.सं. | सेवाहरू | चाहिने कागजातहरू | सेवा शुल्क (भा.रू.) | | लाग्ने समय | सम्पर्क व्यक्ति | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नयाँ राहदानी बनाउने | • रितपूर्वक भरिएको अनलाइन फारम। • नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र प्रतिलिपि)। • राजश्व भुक्तानी रसिद। | ३४ पाने | ७०००/- | सोही दिन | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | राहदानी वितरण राहदानी विभागबाट प्राप्त भएपछि। |
| | | | ६६ पाने | १४०००/- | | | | |
| | | | १० वर्ष मुनिका नावालकहरुका हकमा | ३५००/- | | | | |
| २ | राहदानी नवीकरण | • रितपूर्वक भरिएको अनलाइन फारम। • नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र प्रतिलिपि)। • पुरानो राहदानी सक्कल • राजश्व भुक्तानी रसिद। | ३४ पाने | ७०००/- | सोही दिन | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | राहदानी वितरण राहदानी विभागबाट प्राप्त भएपछि। |
| | | | ६६ पाने | १४०००/- | | | | |
| ३ | हराएका, बिग्रिएका, | • रितपूर्वक भरिएको अनलाइन फारम। | ३४ पाने | १४,०००/- | सोही दिन | | | राहदानी वितरण |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जलेका वा केरमेट भएका राहदानी नवीकरण | • नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र प्रतिलिपि)।<br>• पुरानो राहदानी छाँया प्रति।<br>• राजश्व भुक्तानी रसिद। | ६६ पाने | २८,०००/- | | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | राहदानी विभागबाट प्राप्त भएपछि। |
| ४ | एकातर्फि यात्रा अनुमतिपत्र | • रितपूर्वक भरिएको आवेदन फारम।<br>• नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानीको (सक्कल र प्रतिलिपि)।<br>• दुई प्रति फोटो<br>• राजश्व भुक्तानी रसिद। | ५० अमेरिकी डलर वरावर हुने भारतीय रूपैया | | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | उद्धार र स्वदेश फिर्तीका लागि यात्रा कागजात निःशुल्क। |
| ५ | पर्यटन प्रवेशाज्ञा | • रितपूर्वक भरिएको अनलाइन फारम।<br>• राहदानी सक्कल र छाँयाप्रति।<br>• राजश्व भुक्तानी रसिद।<br>• कन्सुलर अफिसरले आवश्यक ठानेको अन्य कागजात। | १५ दिन अवधिको<br>३० दिन अवधिको<br>९० दिन अवधिको | २,५००/<br>४,५००/<br>१०,५००/ | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | सार्क राष्ट्रका नागरिकहरूलाई प्रत्येक वर्ष एक पटकका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | लागि निःशुल्क। |
| ६ | कूटनीतिक/अफिसीयल भिसाः | • कूटनीतिक नोट वा आधिकारिक पत्र।<br>• रितपूर्वक भरिएको अनलाइन फारमको प्रति।<br>• पासपोर्ट सक्कल तथा प्रतिलिपि। | निःशुल्क | | | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | |
| ७ | अधिकृत वारेसनामा | • रितपूर्वक भरिएको आवेदन फारम।<br>• नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र छाँयाप्रति)।<br>• योग्य कानूनी व्यवसायीद्वारा तयार पारिएको अधिकृत वारेसनामा दुई प्रति।<br>• राजश्व भुक्तानी रसिद। | अचल सम्पत्तिको हक हस्तान्तरण | तीन पुस्तासम्म | ३१२.५० | ३ घण्टाभित्र | श्री सरेशराज रेग्मी, उप वाणिज्यदूत | श्री झक्क प्रसाद आचार्य, महावाणिज्यदूत | |
| | | | | तीन पुस्ता वाहेकमा | ३१२५/- | | | | |
| | | | अचल सम्पति वाहेकका वारे | | ३१२.५० | | | | |
| ८ | सहि तथा छाप | • आवेदन फारम। | महत्वपूण घटना (जन्म, विवाह, मृत्यु, बसाइसराई) सँग सम्बन्धित | | ३,५००/- | ३ घण्टाभित्र | | | |



नेपाली महावाणिज्यदूतावास कोलकाता

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रमाणीकरण | • नेपाल सरकारको कन्सुलर सेवा विभाग वा भारतको विदेश मन्त्रालयको क्षेत्रिय सचिवालय, कोलकाताद्वारा प्रमाणीकरण गरिएको कागजातको सक्कल र छाँयाप्रति<br>• राजश्व भुक्तानी रसिद। | महत्वपूण घटना (जन्म, विवाह, मृत्यु, बसाइसराई) वाहेकका | १,०००/- | | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | |
| | | | शैक्षिक प्रमाणपत्रहरू | ५००/- | | | | |
| ९ | विवाहका लागि NOC | • आवेदन फारम।<br>• नेपालको कन्सुलर सेवा विभागद्वारा प्रमाणीकरण गरिएको अविवाहित प्रमाणपत्रको सक्कल र छाँयाप्रति<br>• राजश्व भुक्तानी रसिद। | | ३,५००/- | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | |
| १० | जो जससँग सम्बन्धित पत्र वा सिफारिस | • रितपूर्वक भरिएको आवेदन फारम।<br>• नेपाली राहदानी वा नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र छाँयाप्रति)।<br>• राजश्व भुक्तानी रसिद। | | १,०००/- | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | |
| | | | शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित सिफारिसहरू | ५००/- | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | अंग प्रत्यरोपण का लागि सिफारिस | • रितपूर्वकको आवेदन<br>• नेपाल सरकारको कन्सुलर सेवा विभागद्वारा जारी सिफारिस पत्र।<br>• अंगदाता (Donor) र प्रासकर्ता (Receiver) दुबैको नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र वा राहदानी (सक्कल र प्रतिलिपि)।<br>• अंगदाता र प्रासकर्ताको फोटो टाँस गरिएको सम्बन्धित प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट जारी नाता प्रमाणित प्रमाणपत्र।<br>• नेपाल सरकारको स्वास्थ्य मन्त्रालयद्वारा जारी No Objection Letter ।<br>• दाताद्वारा प्रदान गरिएको "स्वीकृति पत्र" (Consent Letter) ।<br>• दाताको परिवारदले दिएको"स्वीकृति पत्र" (Consent Letter), जसमा उनीहरूलाई कुनै आपत्ति नभएको स्पष्ट उल्लेख गरिएको हुनुपर्नेछ। | निःशुल्क | ३ घण्टाभित्र | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | श्री झक्क प्रसाद आचार्य, महावाणिज्यदूत | |
| १२ | बिरामी, असहाय व्यक्ति, र दिवंगत नेपाली नागरिकको सहायताको लागि भारत सरकारका सम्बन्धित निकायहरूलाई गरिने पत्राचार/ सिफारिस | • विश्वासिलो कारणसहितको निवेदन | निःशुल्क | एक घण्टाभित्र | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | श्री झक्क प्रसाद आचार्य, महावाणिज्यदूत | |
| १३ | भारत सरकारका सम्बन्धित निकायहरूलाई उद्धार, मानवीय सहायता, तथा आपत्कालीन | • विश्वासिलो कारणसहितको निवेदन | निःशुल्क | एक घण्टाभित्र | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | श्री झक्क प्रसाद आचार्य, | |



नेपाली महावाणिज्यदूतावास कोलकाता

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | दुर्घटनासम्बन्धी पत्राचार/सिफारिस | | | | | महावाणिज्यदूत | |
| १४ | कोलकाता भन्सारमा र्फत नेपालमा सामान आयात गर्न आवश्यक NOC | • आयातकर्ता/सीएचए (Customs House Agent) को घोषणा पत्र।<br>• नेपाल सरकारको वाणिज्य तथा आपूर्ति विभागबाट जारी NOC प्रमाणपत्र।<br>• बिल अफ लाडिङ (Bill of Lading) I<br>• व्यावसायिक बीजक (Commercial Invoice) I<br>• प्याकिङ सूची (Packing List) I<br>• उत्पत्तिको प्रमाणपत्र (Certificate of Goods Origin) I<br>• नेपाल सरकारको आयात इजाजतपत्र (Import License) को प्रतिलिपि।<br>• शुल्क छुटका लागि नेपाल सरकारको कन्सुलर सेवा विभागबाट जारी NOC I | निःशुल्क | कार्यालय समयभित्र | श्री रोशन राई, वाणिज्यदूत | श्री दीपेश लेखक, उपमहावाणिज्यदूत | |
| १५ | अन्य पत्राचार वा सिफारिसहरू | • महावाणिज्यदूतावास कार्यालयमा उपलब्ध आवेदन फारम पूरा भरिएको। | शुल्क नेपाली राजदूतावास नयाँ दिल्लीले तोकेबमोजिम हुने | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | |

७. ऐन/ नियमावली/ कार्यविधि/ निर्देशिका/ कार्यविधि:

<u>ऐनः</u>

- राहदानी ऐन, २०७६
- विदेशी राज्य र कूटनीतिक प्रतिनिधित्वको सुविधा तथा उन्मुक्ति ऐन, २०२७
- गैर आवाशीय नेपाली सम्बन्धी ऐन, २०६४

<u>नियमावली</u>

- राहदानी नियमावली, २०७७
- नेपाल परराष्ट्र सेवा सम्बन्धी नियमहरु, २०६८
- अवैतनिक नेपाली दुतावास सम्बन्धी नियमावली, २०३९
- कुटनीतिक आचारसंहिता,२०६८

<u>निर्देशिका</u>

- राहदानी निर्देशिका,२०६७
- आर्थिक कूटनीतिक सम्बन्धी कार्यक्रम निर्देशिका,२०७१
- विदेशस्थित कुटनीतिक नियोगमा काम गर्ने स्थानीय कर्मचारी व्यवस्थापन सम्बन्धी निर्देशिका,२०७२
- परराष्ट्र मन्त्रालय र अन्तरगतका विभाग कार्यालय तथा विदेशस्थित कुटनीतिक नियोगहरुको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०७२
- राजदूत नियुक्ति सम्बन्धी निर्देशिका,२०७५
- नेपाली महावाणिज्यदूतावास, कोलकाताका स्थानीय कर्मचारीहरुको आचारसंहिता सम्बन्धी व्यवस्था, २०८२

<u>कार्यविधि</u>

- विदेशस्थित नेपाली नियोगको सार्वजनिक खरिद कार्यविधि,२०७३
- विदेशस्थित नेपाली नियोग आर्थिक कार्यविधि,२०७९

८. निर्णय गर्ने प्रक्रिया र निर्णय उपर उजुरी सुन्ने अधिकारी

महावाणिज्यदूतः श्री झक्कप्रसाद आचार्य

९. आ व २०८२/८३ को कुल बजेट तथा खर्च र राजस्वको स्थितिः

- बजेट तथा खर्चको स्थितिः

| सि.नं. | बजेट शीर्षक | वार्षिक बजेट रु. | असार महिनासम्मको | | |
|---|---|---|---|---|---|
| | | | निकासा रु. | खर्च रु. | खर्च % |
| १ | चालू खर्च | ५८,७०९,८२०.०० | ५८,५०९,७३६.०० | ४८,९३१,३३०.९६ | ८३.६३ |
| २ | पूँजीगत | ८,७५६,०००.०० | ८,७५६,०००.०० | ७,९६०,९०५.९६ | ९०.९२ |
| कुल जम्मा | | ६७,४६५,८२०.०० | ६७,२६५,७३६.०० | ५६,८९२,२३६.९२ | ८४.५८ |

- राजस्वको स्थितिः

आ. व. २०८२/८३ मा जम्मा राजस्व संकलन भा.रु १७,३३,३८०.१४ मात्र ।

१०. गुनासो व्यवस्थापनः

| यस अवधिमा प्राप्त गुनासो | फर्छ्यौट | बाँकि |
|---|---|---|
| छैन। | | |

नेपाली महावाणिज्यदूतावास कोलकाता

११. नियोगबाट सम्पादित प्रमुख कार्यहरुः

यस महावाणिज्यदूतावासबाट २०८२ सालको चैत्र, र २०८३ सालको बैशाख, जेठ र आषाढ महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु देहाय अनुसार रहेका छन्।

(क) प्रमुख आर्थिक, व्यापारिक, औद्योगिक, सांस्कृतिक, प्राज्ञिक, वैज्ञानिक तथा वित्तीय सम्बन्धी घटनाक्रम:

- कोलकातास्थित SISTER NIVEDITA UNIVERSITY को संयोजनमा BIMSTEC Secretariat Bangladesh र Indian Council of World Affairs को सहभागितामा आयोजना गरिएको "Relooking BIMSTEC- 2025 Facilitating Cross Border Trade 20th March 2026" विषयक सेमिनारमा नियोग प्रमुखले नेपाल-भारत पारहवहन तथा वाणिज्य, अनाधिकृत व्यापार र रेल सम्झौताको कार्यान्वयनको अवस्था, समस्याहरु तथा भविष्यमा सहकार्य गर्नु पर्ने क्षेत्रहरु विषयक प्रस्तुतीकरण दिनु भएको साथै उक्त अन्तरक्रियामा कार्यक्रममा सहभागिता रहेको।
- एसोसिएसन अफ सिपिङ इन्ट्रेस्ट इन कोलकता (**ASIC**) बाट २८ मार्च २०२६ को पत्रमार्फत खाली सिपिङ्ग कन्टेनरहरू फिर्ता लैजाने सम्बन्धमा सहजीकरणको लागि अनुरोध भई आएकोले परराष्ट्र मन्त्रालय मार्फत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, भन्सार विभाग, र नेपाल इन्टरमोडल यातायात विकास समितिलाई समेत जानकारी एवं अनुरोध गरिएको।
- आगामी डिसेम्बर १०-२८, २०२६ मा कोलकातामा आयोजना हुने "India International Mega Trade Fair (IIMTF) 2026-27" मा नेपाली व्यवसायीहरुको सहभागिताका सम्बन्धमा The Bengal Chamber of Commerce & Industry, Kolkata तथा G S Marketing Associates, Kolkata को अनुरोध बमोजिम नेपाली उद्योगी-व्यवसायीहरूको सहभागिता सहजीकरणका लागि आवश्यक पत्राचार गरिएको।
- मिति २०८३/०१/०९ मा नेपाल सामान ढुवानी व्यवसायी कल्याण संघ (Nepal Goods Transporters Welfare Association) बाट, नेपालतर्फ सामान ल्याइरहेका कन्टेनरहरूलाई बिहार राज्यका यातायात अधिकारीहरूले ठूलो आकार (Over-sized)



महावाणिज्यदूतावास कोलकाता

भएको बहानामा अतिरिक्त शुल्क असुल गरिरहेको जानकारी प्राप्त भए अनुसार यस समस्याको समाधानका लागि यस नियोगले कोलकाता/हल्दिया पोर्ट र कोलकाता भन्सारसँग आवश्यक पहल गरी समस्या समाधान गरेको।

- व्यापार घाटा न्यूनीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०७९ को कार्यान्वयनका सिलसिलामा यस नियोगबाट सम्पादन भएका कार्यहरूको प्रगति विवरण पठाइएको।
- नेपाल र भारतबीचको द्विपक्षीय व्यापार, पारवहन तथा लगानीलाई थप विस्तार गर्ने उद्देश्यले पश्चिम बंगालस्थित १३ वटा निजी क्षेत्रका छाता संगठनहरुसंग निरन्तर समन्वय र सहजीकरण गरिएको।
- नेपाल र कोलकाताका विभिन्न व्यवसायी तथा क्लियरिङ्ग एजेन्टबिच व्यापार सम्बद्ध विवादहरुको नेपाल फ्रेट फरवार्डर्स संघसँगको सहकार्यमा समाधान गरिएको।
- नेपाली व्यवसायीहरूले विशेष गरी कोलकाता र हल्दिया बन्दरगाहमार्फत हुने व्यापार तथा पारवहनका क्रममा भोग्नु परेका समस्या, अवरोधहरू, तिनको समाधानका प्रभावकारी उपायहरू र सम्बद्ध निकायहरूले निर्वाह गर्नुपर्ने जिम्मेवारीको स्पष्ट खाका समावेश गरी मन्त्रालयमा पेश गरिएको।
- नेपाली चिया निकासीमा देखिएका अवरोध निराकरणको लागि भारतीय चिया वोर्डका प्रतिनिधिहरुसंग निरन्तर भेट, सम्पर्क तथा नेपाली चिया निर्यातकर्ता र आयातकर्ता व्यवसायीहरुसंग निरन्तर सम्पर्कमा रही समाधानको बारेमा पहल गरेको।
- साथै, नियोगका महावाणिज्यदूतसहितको टोलीले कोलकातास्थित Tea Board of India का उपाध्यक्ष श्री सि. मुर्गनसँग भेटवार्ता गरी नेपाल भारतबीचको परम्परागत सम्बन्ध तथा द्विपक्षीय व्यापारिक सहकार्यका आधारमा नेपाली चिया निर्यातमा देखा परेका अवरोध हटाउन गरेको विशेष अनुरोध तथा कूटनीतिक पहलस्वरुप चिया निकासीमा सहजता भएको। तथापि यसको दीर्घकालीन तथा व्यावहारिक समाधानका लागि यस विषयलाई दुवै देशबीच स्थापित उच्चस्तरीय संयन्त्रमार्फत गर्न उपयुक्त हुने देखिएको।
- परराष्ट्र मन्त्रालयमा भारतमा नेपाली चिया आयात गर्ने व्यापारी तथा कम्पनीहरूको विवरण तयार गरि पठाइएको।
- नेपालको निजी क्षेत्रका व्यावसायिक संगठनहरु र भारतको पश्चिम बंगालका व्यापारिक संस्थाहरूबीच सहकार्य प्रवर्द्धन गर्ने सम्बन्धमा Confederation of West Bengal Trade



नेपाली महावाणिज्यदूतावास कोलकाता

Associations (CWBTA) को प्रस्ताव सहित नेपालका व्यावसायिक संगठनहरुलाई पठाइएको।

- कोलकाता पोर्ट अन्तरगत Budge Budge डकमा नेपाली कार्गोको आवागमनमा केहि स्थानिय व्यक्तिहरुले अवरोध गरेपछि यस नियोगले पश्चिम बंगाल सरकारको मुख्यमन्त्री कार्यालय तथा स्थानीय प्रशासनसंगको सहयोगमा सुचारु गरिएको।
- ०५ जूनदेखि २१ जून २०२६ सम्म भारत चेम्बर्स अफ कमर्सद्वारा कोलकातामा आयोजित Global India Grand Trade Fair, 2026 मा नियोगका पदाधिकारीहरूको सहभागिता रहेको। उक्त कार्यक्रममा पश्चिम बंगाल सरकारका कृषि तथा उद्योग मन्त्री तथा नवनिर्वाचित प्रदेश सभाका सदस्यहरूसँग भेटघाट एवं अन्तरक्रिया गर्ने अवसर प्राप्त भएको।
- Ocean Network Express सिपिङ कम्पनीद्वारा कोलकातामा आयोजित अन्तरक्रिया कार्यक्रममा नियोगका पदाधिकारीहरूको सहभागिता रहेको। उक्त कार्यक्रममा नेपालको विभिन्न स्थानबाट करिब २० जना लजिस्टिक्स क्षेत्रका व्यवसायीहरूको समेत उपस्थिति रहेको थियो। सो अवसरमा नेपाली व्यवसायीहरूले सामना गरिरहेका ढुवानी तथा लजिस्टिक्ससम्बन्धी समस्याका विषयमा कम्पनीका जिम्मेवार पदाधिकारीहरूसँग छलफल एवं विचार आदानप्रदान गरिएको।
- पश्चिम बंङ्गाल प्रदेशको स्थापना दिवसका अवसरमा मिति २० जुन २०२६ मा हुग्ली जिल्लास्थित तारकेश्वरमा आयोजित विशेष समारोहमा यस महावाणिज्यदूतावासका महावाणिज्यदूतको सहभागिता रहेको।
- १० औं अन्तर्राष्ट्रिय योग दिवस (International Yoga Day) को अवसरमा मिति २१ जुन २०२६ मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको प्रमुख उपस्थितिमा कोलकातास्थित रेड रोडमा आयोजित विशेष समारोहमा यस महावाणिज्यदूतावासका नियोग प्रमुखको औपचारिक सहभागिता रहेको ।
- मिति २०८३-०३-१० मा नियोगका उपमहावाणिज्यदूतले Food Safety and Standard Authority of India को कोलकातास्थित क्षेत्रीय कार्यालयमा क्षेत्रीय निर्देशक (पूर्व र पूर्वोत्तर भारत) श्री अभिमन्यु सिंह र निर्देशक निलामणी विश्वाललाई भेटगरी नेपाली चियाको परीक्षण छिटो छरितो सम्पन्न तथा जोगवनी र पानीटंयाकी सीमा क्षेत्रमा परीक्षण ल्याव स्थापनाको लागि अनुरोध गरिएको।



नेपाली महावाणिज्यदूतावास कोलकाता

- मिति २०८३-०३-१५ मा कोलकता/हल्दिया बन्दरगाहबाट हुने पारवहनको विषयमा समन्वय गर्न श्यामाप्रसाद मुखर्जी पोर्टको कार्यालयमा पोर्टका ट्राफिक म्यानेजर सहितको टोली र नियोगका उपमहावाणिज्यदूतद्वय सहितको टोलीबीच भेटघाट तथा छलफल भई नेपालतर्फ हुने पारवहनलाई अझ व्यवस्थित बनाउने दिशामा प्रत्येक महिनामा बैठक गर्ने, नेपालसँग सम्बन्धित तथ्यांक प्रत्येक महिना उपलब्ध गराउने र रासायनिक मलको आपूर्ति सम्बन्धमा सहजीकरण गर्ने विषयमा महत्वपूर्ण छलफल भएको।
- नेपालको पारवहन सन्धिको व्यवस्था तथा दुवै देशका वाणिज्यमन्त्रीहरूको निर्णय बमोजिम भारतको जोगबनीदेखि विराटनगर सुख्खा बन्दरगाहसम्म रेल सेवा सुचारु गर्न भारतीय कन्टेनर निगम लिमिटेड (CONCOR), कोलकाता भन्सार तथा अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरी शुरुवात गरिएको।
- कृषि सामग्री संस्थान र साल्ट ट्रेडिङ्ग कर्पोरेसनको खरिद तथा भारत र नेपाल सरकारको G2G माध्यामबाट कोलकाता बन्दरगाहबाट आयात हुने रासायनिक मलको सुरक्षित भण्डार तथा सहज रुपमा नेपाल ढुवानीको लागि नेपालको ढुवानीमा संलग्न सरोकारवालाहरु सहितको उपस्थितमा इस्टर्न रेलवे निर्देशनालयका पदाधिकारी कोलकाता बन्दरगाहका पदाधिकारी र मल आपूर्तिकर्ता संस्थाका जिम्मेवार पदाधिकारीहरुसंग छलफल र सहजीकरणको लागि अनुरोध गरिएको।

**(ख) आर्थिक कूटनीति अन्तर्गत नेपालको पर्यटन, निर्यात व्यापार, आयात प्रतिस्थापन, लगानी प्रवर्द्धन सम्बन्धी**

- नेपाल सरकारको आर्थिक कूटनीति अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम अनुसार चैत्र १७-२२ सम्म गुजरातस्थित मुन्द्रा बन्दरगाहको अवलोकन भ्रमण भयो। यस भ्रमणबाट नेपालको लागि प्रस्तावित बन्दरगाहको अवस्थिति, कार्गो व्यवस्थापन र नेपालले लिन सक्ने सेवा सुविधाको बारेमा प्रमुख कार्यकारी अधिकृत तथा अन्य कर्मचारीहरुसंग अन्तरक्रिया गरिएको। यसै भ्रमणको अवधिमा नेपाली दूतावास नयाँदिल्लीका नियोग उपप्रमुख, इकोनोमिक मिनिष्टर सहितका अधिकारीहरुसंग नेपालको व्यापार सहजीकरणको अवस्था र दूतावासबाट सहजीकरण गर्नु पर्ने विषयहरुको वारेमा समेत छलफल गरिएको।



नेपाली महावाणिज्यदूतावास कोलकाता

- पश्चिम बंगालबाट धार्मिक तथा पर्यटकिय उद्देश्यले नेपाल जाने पर्यटकहरुलाई पशुपति विकास कोषसंग समन्वय गरी भ्रमण तथा दर्शन कार्यमा सहजीकरण भइरहेको जसबाट नेपाल घुम्न जाने पर्यटकहरुमा सकरात्मक प्रभाव परेको कारण निकट भविष्यमा नेपाल घुम्न जाने धार्मिक पर्यटकको संख्यामा वृद्धि हुने अपेक्षा रहेको।
- नेपाली महावाणिज्यदूतावास, कोलकाताद्वारा १५ अप्रिल २०२६ मा 'अन्तर्राष्ट्रिय आरोग्यता दिवस' (International Wellness Day) को अवसरमा प्रवासी नेपाली समुदाय, भारतीय नागरिक तथा नियोगका कर्मचारीहरुको उपस्थितिमा एक विशेष समारोह सफलतापूर्वक सम्पन्न गरियो।
- नेपाली महावाणिज्यदूतावास, कोलकाताद्वारा वैशाख १८ र १९ गते पश्चिम बंगालका प्रमुख पर्यटकीय स्थल मन्दारमणी र दिघामा 'नेपाल पर्यटन प्रवर्द्धन रोड-शो' सफलतापूर्वक सम्पन्न गरिएको। 'नेपाल आरोग्य वर्ष २०२७' को पूर्वसन्ध्यामा आयोजित यस कार्यक्रमले भारतीय पर्यटकहरूमाझ नेपालका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक गन्तव्यहरूको व्यापक प्रचार-प्रसार गरेको छ। श्रव्य-दृश्य प्रस्तुतीकरण र प्रत्यक्ष अन्तरक्रियामार्फत लुम्बिनी, पशुपतिनाथ र पोखरा जस्ता स्थलहरूको जानकारी दिँदै पर्यटकका जिज्ञासाहरू सम्बोधन गरिएको थियो।
- नेपाली महावाणज्यदुतावास, कोलकाताको टोलीले मुम्बईस्थित जवाहरलाल नेहरू पोर्ट अथोरिटी (JNPA) को औपचारिक भ्रमण गरी नेपालको वैदेशिक व्यापारका लागि वैकल्पिक र प्रभावकारी पारवहन मार्गको रूपमा मुम्बई बन्दरगाहको प्राविधिक क्षमता र पूर्वाधारको बारेमा जानकारी लिएको थियो।
- नेपाली महावाणिज्यदूतावास कोलकाताले ३० बैशाखमा 'नेपालको व्यापार, पारवहन र लगानी सहजीकरण' विषयक अन्तर्क्रिया कार्यक्रम श्याम प्रसाद मुखर्जी पोर्ट (SMPK) का अध्यक्ष सहितका पदाधिकारीहरु, कोलकाता भन्सार, र विभिन्न व्यावसायिक क्षेत्रका प्रतिनिधिहरू, भन्सार क्लियरिङ्ग एजेन्ट एसोसियसन नेपालको कार्गो क्लियरेन्स कार्यमा संलग्न एजेन्टहरु तथा नेपालको अन्तर्राष्ट्रिय व्यापारमा संलग्न व्यक्तिहरुको सहभागितामा सम्पन्न गरियो।
- २९ मे २०२६ (२०८३ जेठ १५) मा नेपाली महावाणिज्यदूतावास, कोलकाताले गणतन्त्र दिवस तथा ७३औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस विविध कार्यक्रमका साथ सम्पन्न गरियो। "Sagarmatha: Identity and Pride of Nepal" नाराका साथ आयोजित ७३औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस (मे २९) कार्यक्रममा पर्यटन क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूको



नेपाली महावाणिज्यदूतावास कोलकाता

सहभागितामा नेपालको पर्यटन सम्भावना, पर्वतीय पर्यटन तथा दिगो पर्यटनका विषयमा प्रस्तुतीकरण र अन्तरक्रिया सम्पन्न गरियो।

- Nepal Association of Tour & Travel Agents (NATTA), Gandaki Province द्वारा आयोजित "Pokhara Nepal Promotional Campaign 2026" कार्यक्रममा महावाण्यिज्यदूत श्री Jhakka Prasad Acharya ले विशेष सम्बोधन गर्दै नेपाल भारतबीचको ऐतिहासिक सम्बन्ध, पर्यटन सहकार्यको महत्व तथा पोखरा र गण्डकी प्रदेशका प्राकृतिक, धार्मिक एवं साहसिक पर्यटनका सम्भावनाहरूको वारेमा सहभागिहरुलाई जानकारी गराउनु भयो। उक्त कार्यक्रममा पर्यटन व्यवसायी, ट्राभल ट्रेड प्रतिनिधि, सञ्चारकर्मी तथा अन्य विशिष्ट व्यक्तिहरूको उल्लेख्य सहभागिता रहेको।
- ५४ औं विश्व वातावरण दिवस (जुन ५, २०२६) को अवसरमा नेपाली महावाणिज्यदूतावास, कोलकातामा महावाणिज्यदूतको नेतृत्वमा कूटनीतिक तथा स्थानीय कर्मचारीहरूको सहभागितामा "For Climate. For Our Future" भन्ने नाराका साथ दूतावास परिसरमा विभिन्न प्रजातिका ४० वटा विरुवा वृक्षारोपण तथा सरसफाइ कार्यक्रम सम्पन्न गरिएको।
- Travel Agents Association of Bengal (TAAB) द्वारा मिति ९ जुलाई २०२६ मा कोलकातामा आयोजित "Connect Bengal 5" पर्यटन सञ्जालीकरण मेलामा यस महावाणिज्यदूतावासको सक्रिय सहभागिता रह्यो। पश्चिम बंङ्गाल सरकारका माननीय पर्यटन मन्त्री, पर्यटन सचिव तथा सरकारी र निजी क्षेत्रका प्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न उक्त उद्घाटन कार्यक्रमलाई महावाणिज्यदूतज्यूले सम्बोधन गर्नुहुँदै नेपाल र पश्चिम बेङ्गालबीचको पर्यटनको अवस्था, द्विपक्षीय व्यापार तथा क्षेत्रीय सम्पर्क (Regional Connectivity) विस्तारका सम्भावनाबारे विस्तृत प्रस्तुतीकरण दिनुभएको।
- परराष्ट्र मन्त्रालयद्धारा असार ९ मा भर्चुअल माध्यामद्धारा आयोजना गरिएको Diaspora Expert Network and Knowledge Bank मिटिङ्गमा नियोगका सबै कर्मचारीहरुको सहभागिता रहेको।
- असार २९ गते आदिकवि भानुभक्त आचार्यको २१३ औं जन्मजयन्ती नेपाली महावाणिज्यदूतावास, कोलकाताको आयोजनामा भव्य रूपमा सम्पन्न गरियो। उक्त अवसरमा कोलकातास्थित प्रवासी नेपाली साहित्यप्रेमी समुदायको सहभागितामा आदिकवि भानुभक्त आचार्यको तस्वीरमा माल्यार्पण गरिनुका साथै उहाँको साहित्यिक योगदान, नेपाली भाषा-



नेपाली महावाणिज्यदूतावास कोलकाता

साहित्यको विकास तथा संरक्षणमा निर्वाह गर्नुभएको ऐतिहासिक भूमिकाबारे केन्द्रित साहित्यिक समीक्षा तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको।

(ग) द्विपक्षीय भेटघाट र बैठक सम्बन्धी

- Consular corps of Kolkata द्वारा आयोजना हुने नियमित बैठकमा चैत्र महिनामा नियोगको तर्फबाट नेपालको Tourism and Heritage of Nepal विषयमा नियोग प्रमुखले प्रस्तुतीकरण तथा अन्तरक्रियामा उठेका जिज्ञासाहरुको सम्बोधन गर्नु भएको।
- भारत, नेपाल तथा श्रीलंकाका लागि आइसल्याण्डका राजदूत महामहिम (H.E.) Benedikt Hoskuldsson को सम्मानमा कोलकातास्थित Sister Nivedita University द्वारा आयोजित कार्यक्रममा महावाणिज्यदूतको सहभागिता रहेको। उक्त अवसरमा नेपाल र आइसल्याण्डबीचको द्विपक्षीय सम्बन्ध, सहयोगका सम्भावित क्षेत्रहरू तथा भावी सहकार्यका अवसरहरूबारे विचार आदानप्रदान गर्ने अवसर प्राप्त भएको।
- १९ मे २०२६ मा प्रवासी नेपाली समुदाय, नेपाली व्यवसायीहरू तथा नियोगको कार्यसम्पादनमा देखा परेका विविध विषयहरूको सम्बोधनका लागि आवश्यक समन्वय एवं सहजीकरण गर्ने उद्देश्यले कोलकातास्थित विदेशमन्त्रालय, शाखा सचिवालयका निर्देशकसँग भेटवार्ता तथा छलफल गरिएको।
- ०९ जून २०२६ मा भारतको राष्ट्रिय दैनिक Times of India द्वारा आयोजित Times Business Awards, 2026 कार्यक्रममा महावाणिज्यदूत प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो।
- इटालीमा अध्ययनरत तथा अध्ययनका लागि जाने नेपाली विद्यार्थीहरूको छात्रवृत्ति सम्बन्धी कागजात प्रमाणीकरण र अप्वाइन्टमेन्ट (Slots) प्राप्तिमा देखिएका समस्या समाधान एवं सहजीकरणका लागि कन्सुलर सेवा विभागको निर्देशानुसार यस महावाणिज्यदूतावासबाट तत्कालै कूटनीतिक पहल अघि बढाइएको। सो क्रममा मिति २०८३।०३।११ मा कोलकातास्थित इटालीयन महावाणिज्यदूतावासलाई औपचारिक नोट भर्वल (Note Verbale) प्रेषित गरिएको र तत्पश्चात वाणिज्यदूत स्तरमा त्यँहाका कन्सुलर प्रमुख Mr. Massimo Belleri सँग तथा मिति २०८३।०३।१८ (०२ जुलाई २०२६) मा दुवै देशका महावाणिज्यदूतहरूको उपस्थितिमा द्विपक्षीय बैठक सम्पन्न भएको छ। विभिन्न तह र

चरणमा भएका बैठक तथा लिखित अनुरोध अनुसार सीमित जनशक्ति र नेपालसहित भारतका उत्तर-पूर्वी १३ राज्यहरूको अत्यधिक कार्यचापका बाबजुद इटालीयन पक्षले नेपाली विद्यार्थीहरूको हितका लागि हालै आवेदन संख्या (Slots) मा वृद्धि गरेको जनाएको। छलफलका क्रममा इटालीयन पक्षबाट अन्तिम समयको चापबाट बच्न वर्षभरि नै खुला रहने प्रमाणीकरण प्रक्रिया समयमै सम्पन्न गर्न, पहिले भिसा आवेदन गरी तत्पश्चात मात्र आधिकारिक VFS Global मार्फत कागजात पेस गर्न, र इटालीमा रहेका विद्यार्थीहरूले VFS नेपालमार्फत नै आवेदन दिन सक्ने जानकारी प्राप्त भएको। साथै, आर्थिक स्थिति प्रमाणित गर्ने सन्दर्भमा इटाली सरकारको नियमानुसार भिसाका लागि वार्षिक न्यूनतम १०,१७९.८५ यूरोको आर्थिक क्षमता अनिवार्य हुनुपर्ने विषय उठान गर्दै नेपाली पक्षको विशेष अनुरोधमा यस शैक्षिक सत्रका लागि हाल प्रचलनमा रहेको आय प्रमाणित गरिरहेको प्रमाणपत्रको ढाँचालाई नै स्वीकार गर्ने र आगामी वर्षदेखि स्थानीय निकायबाट जारी हुने प्रमाणपत्रमा आयको स्तर (निम्न, मध्यम, उच्च) स्पष्ट खुलाउनुपर्ने जनाएको। दुवै देशका महावाणिज्यदूतहरूले नेपाल-इटालीबीचको द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउँदै आगामी दिनमा समेत आपसी सहकार्य र कूटनीतिक समन्वयलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभएको।

- नेपाल राष्ट्र बैंकद्वारा कोलकाताबाट गरिने नेपाली तथा भारतीय नोट ढुवानी कार्यको स्थलगत अनुगमनका क्रममा आउनुभएका राष्ट्र बैंकका उच्च पदाधिकारीहरूसँग महावाणिज्यदूतावासमा भएको छलफल कार्यक्रममा नोट ढुवानी प्रक्रियालाई पूर्ण रूपमा सुरक्षित, व्यवस्थित र प्रभावकारी बनाउन अवलम्बन गर्नुपर्ने प्राविधिक तथा सुरक्षात्मक उपायहरूका साथै नियोगको समन्वयकारी भूमिका, विगतका अनुभव, स्थानीय सुरक्षा निकायहरूसँगको समन्वय र कूटनीतिक सहजीकरणसम्बन्धी विषयहरुमा छलफल भएको।
- Travel Network Meeting (TNM) नामक संस्थाद्वारा मिति ७ र ८ जुलाई २०२६ मा आयोजित पर्यटन प्रवर्द्धन कार्यक्रममा यस महावाणिज्यदूतावासका अधिकारीहरूको सहभागिता रहेको छ। नेपालबाट आएका पर्यटन तथा होटल व्यवसायीहरूको समेत उपस्थिति रहेको उक्त कार्यक्रममा नेपालको पर्यटन प्रवर्द्धन, सेवा विस्तार तथा भारतीय पर्यटन बजारसँगको सञ्जालीकरण (Networking) एवं व्यावसायिक सहकार्यका विषयमा छलफल भएको।



महावाणिज्यदूतावास कोलकाता

(घ) अन्य सान्दर्भिक विषयहरू

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक २०८२ मंसीर देखि फागुनसम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण प्रकाशन गरी नियोगको वेवसाइडमा अपलोड गरिएको।
- यस नियोगबाट चौमासिक रुपमा प्रकाशन गरिदै आएको The Everest Voice बुलेटिन प्रकाशन गरी नियोगको वेबसाइडमा राखिएको।
- नव नियुक्त मा. परराष्ट्र मन्त्रीज्यूको उपस्थितिमा मिति २०८३ बैशाख ३ गते मन्त्रालयले आयोजना गरेको भर्चुअल बैठकमा नियोगको कार्यक्षेत्र, कार्यसम्पादनको अवस्था, समस्या तथा सेवा प्रवाह कार्यलाई प्रभावकारी बनाउन मन्त्रालय र अन्य निकायहरुको सहयोग र समन्वय गर्नु पर्ने विषयहरुमा नियोगका सबै कर्मचारीहरुको उपस्थितिमा महावाणिज्यदूतबाट प्रस्तुतीकरण भएको।
- नेपाली महावाणिज्यदूतावास, कोलकताबाट कार्यबोझ तथा कार्यसम्पादन विश्लेषण (O&M) सम्बन्धी विस्तृत विवरण मन्त्रालयमा पठाइएको।
- कोलकातास्थित National Library को प्राविधिक सहयोगमा नियोगको पुस्तकालय व्यवस्थापनको काम सम्पन्न गरिएको।
- मन्त्रालयको निर्देशन बमोजिम यस नियोगको हाल सम्मको बेरुजु लगत सहित फर्छ्यौटको कार्ययोजना तथा कर्मचारीहरुको कार्यसम्पादन सूचक पठाइएको।
- भारतीय रेल विकास निगम लिमिटेड (RVNL) को लगानीमा निर्माण हुने नेपाल महावाणिज्यदूतावास, कोलकाताको प्रस्तावित भवनको ड्रइङ तथा Structural Design मा देखिएका प्राविधिक अस्पष्टताहरूलाई निरूपण गर्न यस नियोगको समन्वयमा दुवै देशका प्राविधिकहरू (नेपाली पक्षको प्राविधिक टोली र RVNL का इन्जिनियरहरू) बीच मिति ०८ जुलाई एक भर्चुवल बैठक सफलतापूर्वक सम्पन्न भएको

१२. <u>सुशासन र सेवा प्रवाह सम्बन्धी</u>

- राहदानी विभागको निर्देशानुसार नयाँ प्रणालीमार्फत ई-एमआरपी (EMRP) राहदानी नवीकरण सेवा सञ्चालनका लागि विभागद्वारा आयोजित प्रणाली स्थापना तथा सञ्चालनसम्बन्धी भर्चुअल बैठकमा यस महावाणिज्यदूतावासका अधिकारीहरूको सहभागिता रहेको छ। साथै विभागले

तोकेको Specification बमोजिम आवश्यक उपकरणहरूको व्यवस्थापन गरी विभागको प्राविधिक समन्वयमा नयाँ प्रणाली (System Installation) सफलतापूर्वक जडान गरिएको।

- नेपाल सरकारबाट गठित सम्पति जाँचबुझ तथा छानविन आयोगबाट जारी भएको सार्वजनिक सूचना अनुसार यस नियोगमा कार्यरत सम्पूर्ण कूटनीतिक कर्मचारीहरुले तोकिए अनुसार सम्पति विवरण भरी निर्धारित समयभित्रै आयोगमा दर्ता गराई सकिएको।
- कन्सुलर सेवा विभागको निर्देशनमा नियोगबाट सेवा लिने सेवाग्राहीहरुको सहजतालाई ध्यानमा राखी नियोगले प्रदान गर्ने सेवाकाहरुका सम्बन्धमा बारम्बार सोधिने प्रश्नहरु (FAQs) तथा तिनीहरुको उत्तर उल्लेख गरी नियोगको वेवसाइटमा अद्यावधिक गरिएको तथा सो सम्बन्धमा विभागलाई समेत जानकारी गराइएको ।

## १३. कन्सुलर सेवा प्रवाह सम्बन्धी

- राहदानी संख्याः ०२
- यात्रु अनुमति पत्र (NOC) जारी संख्याः १४
- भिषा जारी संख्या (ग्राटिस सहित): ०९
- कन्सुलर कागजात संख्या (TWIMC): २५
- सहजीकरण पत्र संख्याः ०३
- अध्ययन प्रयोजनका लागि आवश्यक कागजात/प्रमाणिकरणः ०१

## १४. नेपालीको हक हित रक्षा तथा उद्धारमा सहजीकरण सम्बन्धी

- भारतको पश्चिम बंगाल क्षेत्रमा हराई/वेपत्ता भई विभिन्न सेल्टर होमहरूमा रहेका देहायका नेपालीलाई महावाणिज्यदूतावाबाट नुवाकोट भोजपुर र संखुवासभाका ६ जनालाई उद्दार गरी काकडभिट्टा/पानी टयाङ्की नाकासम्म पुऱ्याएर काकडभिट्टास्थित स्थानीय प्रहरीको रोहवरमा निजहरूका सम्बन्धित परिवारलाई जिम्मा लगाइएको।
- सिलगुडीस्थित कारागारमा भारतको वन्यजन्तु संरक्षण कानून उल्लङ्घनको अभियोगमा थुनामा रहेका एक नेपाली नागरिकलाई महावाणिज्यदूतावासका कर्मचारीले प्रत्यक्ष भेट गरी निजको

नेपाली महावाणिज्यदूतावास कोलकाता

स्वास्थ्य, कल्याण र कानूनी अवस्थाको जानकारी लिइ निजका परिवारका सदस्यलाई वस्तुस्थितिको यथार्थ जानकारी गराइएको।

- नेपालको ललितपुर जिल्ला, गोदावरी नगरपालिका घर भई हाल रोजगारीको सिलसिलामा कोलकातामा रहँदै आएकी एक नेपाली महिलाको निजको निवासमै दुःखद निधन भएको सूचनापछि सम्बन्धित अस्पताल र निजको परिवारसँग समन्वय गरी निजको अन्तिम दाहसंस्कार गर्न सहजिकरण गरेको ।

१५. आयात/निर्यात तथा पारवहन सहजीकरणसम्बन्धी कार्यहरूः

| क्र. सं. | सेवाको विवरण | संख्या |
|---|---|---|
| १ | Letter of Credit (LC) विना तेस्रो मुलुकबाट आयात भएका मालवस्तुहरु कोलकाता पोर्ट हुँदै नेपाल पठाउँदा महावाणिज्यदूतावासबाट जारी गरेको अनुमति पत्र (NOC) संख्या | २४३० |
| २ | तेस्रो मुलुकबाट Letter of Credit (LC) मार्फत आयात गर्ने मालवस्तुहरूको नेपाल नेपाल राष्ट्र बैंकबाट प्राप्त विवरण कोलकाता भन्सार पठाइएको संख्या | ८३ |
| ३ | नेपाल राष्ट्र बैंकको नोट आयातको लागि दूतावासले जारी गरेको पत्र संख्या | ६ |

१६. सूचना अधिकारी र प्रमुखको नाम र सम्पर्क नम्बर

- कार्यालय प्रमुखः श्री झक्कप्रसाद आचार्य, सम्पर्क नम्वरः +९१३३२४५६१२२४
- सूचना अधिकारीः श्री टिकाराम उपाध्याय, सम्पर्क नम्वरः +९१-९१४७१८८०६४

१७. वेब साइडको विवरणः

नेपाली महावाणिज्यदूतावास कोलकाताः ccu.nepalcosulate.gov.np

नेपाली महावाणिज्यदूतावास कोलकाता